Australian Government
Department of Health and Aged Care



# Support at Home मा सर्न तयारी गर्न तपाईंले के गर्नुपर्छ?

**Support at Home कार्यक्रमको तयारी कसरी गर्ने भन्नेबारे जानकारी प्रदान गर्ने पत्रमा उल्लेख गरिए अनुसार, Department of Health and Aged Care (स्वास्थ्य तथा वृद्ध हेरचाह विभाग) तथा Services Australia ले तपाईंको तर्फबाट थुप्रै गतिविधिहरू अगाडि बढाइरहेका छन्। तलको जाँच-सूचीले परिवर्तनको लागि तयारी गर्न तपाईंले गर्न सक्ने कदमहरूको रूपरेखा दिन्छ।**

| गतिविधि | समयसीमा | थप जानकारी कहा पाउन सकिन्छ | पूरा भयो |
|---|---|---|---|
| Support at Home कार्यक्रमको बारेमा थप जान्नुहोस्। | संसाधनहरू अहिले उपलब्ध छन् | My Aged Care वेबसाइटमा हेर्नुहोस्: **www.myagedcare.gov.au**<br>जानकारीमा निम्न कुराहरू समावेश छन्:<br>• तथ्यपत्रहरू<br>• *Support at Home कार्यक्रम – वृद्ध व्यक्ति, परिवार र हेरचाहकर्ताहरूका लागि पुस्तिका।*<br>तपाईंले यी संसाधनहरूका लागि आफ्नो प्रदायकलाई पनि सोध्न सक्नुहुन्छ। | ☐ |

| गतिविधि | समयसीमा | थप जानकारी कहा पाउन सकिन्छ | परा भयो |
|---|---|---|---|
| Support at Home शुल्क र योगदानहरूबारे जान्नुहोस्। | संसाधनहरू अहिले उपलब्ध छन् | Support at Home कार्यक्रम – वृद्ध व्यक्ति, परिवार र हेरचाहकर्ताहरूका लागि पुस्तिका हेर्नुहोस्।<br>Support at Home कार्यक्रममा जाँदा तपाईंले आफ्नो शुल्कको बारेमा आफ्नो प्रदायकसँग कुरा गर्न सक्नुहुन्छ।<br><br>तपाईंले Support at Home को लागि तिर्न सक्ने कुनै पनि शुल्कको अनुमान गर्न चाँडै नै My Aged Care वेबसाइटमा एक शुल्क क्यालकुलेटर उपलब्ध हुनेछ। | ☐ |
| तपाईंको प्रदायकले तपाईंको हेरचाह योजनाको समीक्षा गर्न र नयाँ सेवा सम्झौता (जसलाई हाल Home Care सम्झौताको रूपमा चिनिन्छ) स्थापना गर्न तपाईंलाई सम्पर्क गर्ने अपेक्षा गर्नुहोस्। | अप्रिल/मे 2025 देखि | तपाईंका अधिकारहरूका बारेमा जानकारीको लागि र तपाईंलाई सहयोग गर्न अधिवक्तालाई अनुरोध गर्न Older Persons Advocacy Network [वृद्ध व्यक्तिहरूको वकालत सञ्जाल] लाई सम्पर्क गर्न सक्नुहुन्छ।<br><br>**1800 700 600** मा फोन गर्नुहोस् वा **www.opan.org.au** मा हेर्नुहोस्। | ☐ |
| यदि तपाईं आफ्नो खर्च नगरिएको रकम सहायक प्रविधि वा घर परिमार्जनहरू खरिद गर्न प्रयोग गर्न चाहनुहुन्छ भने आफ्नो प्रदायकसँग कुरा गर्नुहोस्।<br><br>यो तपाईंको सेवा सम्झौता छलफलको हिस्सा हुन सक्छ। | अप्रिल/मे 2025 देखि | सहायक प्रविधि र घर परिमार्जन योजनाको बारेमा जानकारी विभागको वेबसाइट (**www.health.gov.au**) मा उपलब्ध छ।<br><br>तपाईंले आफ्नो प्रदायकलाई जानकारीको लागि पनि सोध्न सक्नुहुन्छ। | ☐ |
| यदि तपाईं हाल Income Tested Care Fees [आय परीक्षण गरिएको हेरचाह शुल्क] तिर्दै हुनुहुन्छ भने, Services Australia ले तपाईंलाई तपाईंको Support at Home योगदान दरबारे सूचित गर्नेछ।<br><br>तपाईंले आय र सम्पत्तिबारे जानकारी प्रदान गर्न आवश्यक हुन सक्छ। | १ जुलाई 2025 देखि | तपाईं, तपाईंको पत्राचारको लागि मनोनीत व्यक्ति र सेवा प्रदायकले Services Australia बाट पत्र प्राप्त गर्नुहुनेछ।<br><br>ग्राहक सुरक्षा र यदि तपाईं वृद्ध हेरचाह शुल्क वहन गर्न सक्नुहुन्छ भने के गर्ने भन्नेबारे जान्नको लागि My Aged Care हेर्नुहोस्। | ☐ |

यी गतिविधिहरू पूरा गर्न थप सहयोगको लागि **"यदि मसँग प्रश्नहरू छन् भने म कहाँ जाने? (Where can I go if I have questions?)"** हेर्नुहोस्।

DT0004816 0325